## उमाकुण्ड गाउँपालिका

# स्थानीय राजपत्र

(उमाकुण्ड गाउँपालिकाद्धारा प्रकाशित)

खण्डः १० संख्याः १० मिति २०८३/०५/२५


**भाग-२**

# सवारी साधन सुविधा प्रयोग गर्ने पदाधिकारी र कर्मचारीहरुलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड २०८३

उमाकुण्ड गाउँपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउदै प्रशासनिक खर्चमा मितव्ययितता, प्रभावकारीता कायम गर्न इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनुपर्ने वान्छनीय देखिएकोले उमाकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधी ऐन (नियमित गर्ने), २०७४ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो मापदण्ड जारी गरि सबैको जानकारीको लागि प्रकाशन गरेको छ।

## सवारी साधन सुविधा प्रयोग गर्ने पदाधिकारी र कर्मचारीहरुलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।५।२५

प्रस्तावना : उमाकुण्ड गाउँपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउदै प्रशासनिक खर्चमा मितव्ययितता, प्रभावकारीता कायम गर्न इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनुपर्ने वान्छनीय देखिएकोले उमाकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्रयोग गर्ने पदाधिकारी र कर्मचारीहरुलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८३" रहेको छ ।

२. यो मापदण्ड उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(१) “इन्धन” भन्नाले डिजेल, पेट्रोल र मोबिल सम्झनुपर्दछ ।

(२) “पदाधिकारी” भन्नाले यस पालिकाको वडाअध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्य समेतलाई सम्झनुपर्दछ ।

(३) “कर्मचारी” भन्नाले उमाकुण्ड गाउँपालिका र अन्तर्गतका वडा कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीहरु सम्झनु पर्दछ ।

(४) “प्राविधिक” कर्मचारी भन्नाले सेवा इन्जिनियरिङ, समूह सिभिल र सर्भेका अधिकृतस्तर, सहायक स्तर तथा नियमित रुपमा फिल्डमा खटिई कामकाज गर्ने प्राविधिक कर्मचारीहरुलाई सम्झनुपर्दछ ।

३. इन्धन सुविधा : (१) यस गाउँपालिकाको पदाधिकारीलाई बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३क बमोजिम इन्धन सुविधा प्रदान गरिनेछ ।

क) वडा अध्यक्ष — २० लिटर पेट्रोल/डिजल र मोबिल १ लिटर (त्रैमासिक)

ग) कार्यपालिका सदस्य — रु. २,५००।- (दुई हजार पाँच सय) मासिक

घ) वडा सदस्य - रु. २,०००।- (दुई हजार) मासिक (सवारी साधन भए/नभएमा)

(२) यस गाउँपालिकामा कार्यरत अधिकृतस्तर आठौं/सातौं/छैटौं तहका कर्मचारीलाई मासिक १२ लिटर, सहायक स्तरका कर्मचारी र श्रेणी विहिन कर्मचारीलाई मासिक ९ लिटर लिटर इन्धन सुविधा उपलब्ध गराइने छ ।

४. इन्धन वापत रकम उपलब्ध गराउने : (१) दफा ३ (१) र (२) बमोजिमको इन्धन वापत सम्बन्धित पदाधिकारी र कर्मचारीलाई कार्यालयको इन्धनको मूल्य बराबरको रकम मासिक रुपमा उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट इन्धनको मूल्य फेरबदल भैरहने हुँदा पदाधिकारी तथा कर्मचारीको तह/श्रेणी अनुसार मापदण्ड जारी गर्दाको समयमा चलिरहेको मूल्यलाई आधार मानी देहाय बमोजिमको इन्धन वापतको सुविधा निर्धारण गरिएको छ । वडाअध्यक्षलाई मासिक रु.४,०००।-, अधिकृतस्तर

आठौं, सातौं र छैटौं तहका कर्मचारीलाई मासिक रु.२,४००।, सहायक स्तरका कर्मचारी र श्रेणी बिहिनलाई मासिक रु.१,८००।- इन्धन सुविधा वापत रकम उपलब्ध गराइने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) बमोजिम रकम उपलब्ध गराउदा पूर्वाधार विकास शाखा प्रमुखको सिफारिसमा फिल्डमा खटिनुपर्ने समय/महिनामा प्राविधिकहरुलाई मासिक रु.१,२००।— थप इन्धन बापत रकम उपलब्ध गराइने छ ।

(४) उपदफा (१) बमोजिम इन्धन सुविधा वापत रकम उपलब्ध गराउँदा सम्बन्धित कर्मचारीले सरकारी सवारी साधन प्रयोगको हकमा सवारी चालक अनुमतिपत्र तथा निजी सवारी साधन प्रयोगको हकमा सवारी चालक अनुमतिपत्रको साथै सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी साधनको ब्लुबुक (पुष्ट्याँई) हुने कागजातको प्रतिलिपि प्रशासन शाखामा पेश भै आर्थिक प्रशासन शाखामा सिफारिस भएका कर्मचारीलाई मात्र इन्धन सुविधा वापत रकम उपलब्ध गराइने छ ।

(५) यस दफा बमोजिम इन्धन वापत भुक्तानी भएको रकमको कुनै विलविजक पेश गर्नुपर्ने छैन ।

५. रकम भुक्तानी : यस मापदण्ड बमोजिम प्रदान गरिने इन्धन वापतको रकम मासिक रुपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइने छ ।

६. इन्धन नै उपलब्ध गराउने : (१) यस कार्यालयको नाममा दर्ता रहेको चारपाङ्ग्रे सवारी साधनको हकमा जिन्सी शाखाको सिफारिसमा, जेसिबीको हकमा पूर्वाधार शाखाको सिफारिसमा तथा एम्बुलेन्सको हकमा स्वास्थ्य शाखाको सिफारिसमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले इन्धन उपलब्ध गराउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम इन्धन उपलब्ध गराउँदा अनिवार्य रुपमा लग बुक भरी जिन्सी शाखामा पेश गर्नुपर्ने छ ।

(३) यस मापदण्ड बमोजिम इन्धन वापत नगद सुविधा प्राप्त गर्ने पदाधिकारी वा कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन ।

७. अतिथि तथा अन्यको हकमा : (१) अति आवश्यक देखिएमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा ७.५ लिटरसम्म अन्य अतिथी र संघ/संस्थाहरुलाई उपलब्ध गराउन सक्नेछ ।

८. इन्धन सुविधा उपलब्ध नहुने : (१) यस मापदण्ड बमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन विदा, असाधारण विदा, सुत्केरी विदा, एक महिनाभन्दा बढी घर बिदा वा बिरामी विदामा रहेको वा प्रचलित कानून बमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन वापत पाउने सुविधा उपलब्ध गराइने छैन ।

९. इन्धन सम्बन्धी थप सुविधा : (१) इन्धन सुविधा पाउने पदाधिकारी वा कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा उमाकुण्ड गाउँपालिका बाहेकका अन्य पालिका वा जिल्ला भ्रमण गर्नुपर्ने भएमा भ्रमण आदेश स्वीकृत गरेर यातायात/इन्धन खर्च भ्रमण बिलबाट नै लिनुपर्ने छ ।

१०. सरकारी बाईकको मर्मत खर्च भुक्तानी सम्बन्धि सीमा : यस पालिकाको वडा अध्यक्षले प्रयोग गरेको बाईकको लागि मर्मत बिल बमोजिम बढीमा बार्षिक मर्मत खर्च बाईस हजार रुपैयासम्म, प्राविधिक कर्मचारीले प्रयोग गर्ने बाईकको

लागि बार्षिक मर्मत खर्च बीस हजार सम्म  र अप्राविधिक कर्मचारीले प्रयोग गर्ने सरकारी बाईकको लागि बार्षिक मर्मत खर्च पन्ध्र हजार रुपैयासम्म मात्र भुक्तानी हुनेछ । उक्त रकम भन्दा बढी पेश भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । सवारी साधन मर्मत गर्नुभन्दा अगावै मर्मत आदेश जारी गरिनेछ। साथै कार्यालयले तोकेको फर्म वा वर्कसपबाट मात्र दुई पांग्रे सवारी साधनको मर्मत गर्नुपर्नेछ ।

११. विद्युतीय सवारी साधन प्रयोग : यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा इन्धन वापतको रकम उपलब्ध गराइने छैन ।

१२. इन्धन वापतको रकममा कर लाग्ने : इन्धन वापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित पदाधिकारी र कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानून बमोजिम कर लाग्ने छ ।

१३. दुरुपयोग गर्न नहुने : (१) यस मापदण्ड बमोजिम इन्धन सुविधा प्राप्त गर्ने पदाधिकारी र कर्मचारीले दोहोरो पर्ने गरी इन्धन वापतको सुविधा लिन पाइने छैन ।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल उपर नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउनुपर्नेछ ।

१४. मार्गदर्शनको रुपमा लिन सक्ने : स्थानीय सरकारले यस मापदण्डको व्यवस्थालाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्न सक्नेछन् ।

१५. बाधा अड्काउ फुकाउने : यस मापदण्डको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा उमाकुण्ड गाउँपालिकाले जुनसुकै बखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्ने छ ।

१६. संशोधन र खारेजी : (१) आवश्यकता अनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

(२) यस अघि उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको इन्धन सम्बन्धी सुविधा निर्णय खारेज गरिएको छ।

आज्ञाले

एकराज कुलुङ

प्रमुख प्रशासकीय अधिकृत